# प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग
नेपाल प्रहरी केनाईन कार्यालय
महाराजगंज, काठमाण्डौ

श्रीमान् प्रहरी महानिरीक्षकज्यू,
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।

विषय: कार्यनिर्देशन निर्माण गरी स्वीकृतिका लागि पेश गरिएको सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा तालुक नेपाल प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालयको च.नं. १६७६ मिति २०८०/०३/१२ गतेको पत्रादेशानुसार कार्यनिर्देशन निर्माण गर्न गठित समितिले **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०"** निर्माण गरी श्रीमान् समक्ष स्वीकृतिका लागि पेश गरिएको व्यहोरा सादर अनुरोध गरिएको छ ।

**कार्यनिर्देशन निर्माण समिति**

| | | | | |
|---|---|---|---|---|
| १. | प्र.व.उ. | श्री डा. देउती गुरुङ्ग | नेपाल प्रहरी केनाईन कार्यालय | संयोजक |
| २. | प्र.उ. | श्री डा. राम चन्द्र सत्याल | नेपाल प्रहरी केनाईन कार्यालय | सदस्य |
| ३. | प्र.ना.उ. | श्री ढकेन्द्र खतिवडा | नेपाल प्रहरी प्रधान कार्यालय बजेट शाखा | सदस्य |
| ४. | प्र.ना.उ. | श्री राजेन्द्र श्रेष्ठ | नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग | सदस्य |
| ५. | प्र.नि. | श्री रामकृष्ण श्रेष्ठ | नेपाल प्रहरी प्रधान कार्यालय कानून शाखा | सदस्य |
| ६. | प्र.ना.नि. | श्री अर्जुन बाबु खतिवडा | नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग | सदस्य |

मिति: २०८०/०३/२१ गते।

९८९
२०८०।०३।१५

नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## प्रहरी महानिरीक्षकको सचिवालय

फोन : ०१-४४१२४३७, ०१-४४१२०३७
Ext. : ०१-४४११२१०, १०२,११५,११६
फ्याक्स : ०१-४४१५५९३
पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्या: १-०१-२२ (०७९/०८०) च.नं.:- १९६६८ मिति: २०८०।०३।१२ गते
प्रा.प.सं. :

विषय: **समिति गठन गरिएको सम्बन्धमा ।**

प्र.व.उ. डा. देउती गुरुङ,
**नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंज ।**

प्रस्तुत विषयमा **नेपाल प्रहरीको कार्य योजना-२०७९** को लक्ष्य नं. २ **"विशिष्टीकृत तथा वैज्ञानिक अपराध अनुसन्धान प्रणालीको विकास"** अन्तर्गत २.३. मा रहेको विशिष्टीकृत अपराध अनुसन्धान इकाईको क्षमता विकास गर्ने कार्यगत उद्देश्य पुरा गर्नको लागि तयार गरिएको कार्य योजना क्रियाकलाप २.३.५ को केनाईन कार्यालय र प्रदेश स्तरको केनाईन शाखाको सुदृढीकरण गर्ने कार्यका निमित्त विस्तृत योजना तयार सम्बन्धमा केनाईन कार्यालयले पेश गरेको प्रतिवेदन अन्तर्गत यस आर्थिक वर्ष (२०७९/०८०) भित्र पुरा गर्न सकिने कार्यहरूको प्रथम चरणमा **"नेपाल प्रहरी कुकुर (K-9) हरूको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्य निर्देशन -२०८०"** तयार गर्नुपर्ने भएको र हालसम्म पनि नेपाल प्रहरीमा विभिन्न माध्यमबाट सेवा प्रवेश गराइने कुकुरहरू, सेवारत कुकुरको विषयगत सङ्ख्या निर्धारण र विभिन्न कारणले थप सेवा प्रदान गर्न नसक्ने कुकुरको सेवामुक्त गराउनको लागि स्पष्ट कानुनी प्रक्रिया, विधि र तरिका सहितको दस्तावेज तयार नभएको साथै स्पष्ट दस्तावेजको अभावमा कानुनी प्रश्न समेत खडा हुने भएकाले उक्त कार्य निर्देशन तयार गर्नका लागि तपाईको संयोजकत्वमा निम्न प्रहरी अधिकृतहरु सम्मिलित समिति गठन गरिएको छ । तोकिएको जिम्मेवारी सम्पादन गरी प्रतिवेदन पेश गर्नुहुन अनुरोध गरिएको छ ।

**निम्न:**

| | | | | |
|---|---|---|---|---|
| १. | प्र.उ. | डा. रामचन्द्र सत्याल | नेपाल प्रहरी केनाईन कार्यालय | - सदस्य |
| २. | प्र.ना.उ. | श्री राजेन्द्र श्रेष्ठ | ने.प्र.प्र.का. अपराध अनुसन्धान विभाग | - सदस्य |
| ३. | सि.प्र.अ. प्रतिनिधि | | ने.प्र.प्र.का. बजेट शाखा | - सदस्य |
| ४. | प्र.नि. | श्री रामकृष्ण श्रेष्ठ | ने.प्र.प्र.का. कानून शाखा | - सदस्य |
| ५. | प्र.ना.नि. | श्री अर्जुन बाबु खतिवडा | ने.प्र.प्र.का. अपराध अनुसन्धान विभाग | - सदस्य |

प्रहरी महानिरीक्षक
(बसन्त बहादुर कुँवर)

**बोधार्थ**
श्री नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग ।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, कानून, बजेट शाखा ।
श्री नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंज ।

## विषयसूची


| क्र.सं. | विषयवस्तु | पाना नं. |
|---|---|---|
| १. | **प्रस्तावना** | १ |
| २. | **परिच्छेद -१ (प्राम्भिक)** | १-२ |
| | १. संक्षिप्त नाम र प्रारम्भ | |
| | २. परिभाषा | |
| ३. | **परिच्छेद -२ (प्रहरी कुकुर (K-9) को विषयगत सङ्ख्या निर्धारण र कायम सम्बन्धी व्यवस्था)** | २-६ |
| | ३. प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण र कायम | |
| | ४. प्रहरी कुकुरको विषयगत सङ्ख्या थप | |
| | ५. कुकुर वितरणमा बाधा परेको नमानिने | |
| ४. | **परिच्छेद -३ (प्रहरी कुकुर (K-9) को सेवा प्रवेश सम्बन्धी व्यवस्था)** | ६-१० |
| | ६. प्रहरी सेवामा सेवा प्रवेश गराउने कुकुरको छनौट | |
| | ७. दाता वा विक्रीकर्ताले कुकुरसँग पेश गर्नुपर्ने कागजातहरु | |
| | ८. प्रहरी कुकुरको सेवा प्रवेश र आम्दानी बाँध्ने प्रकृया | |
| | ९. प्रहरी कुकुरको स्वास्थ्य परीक्षण बोर्डको गठन र काम कर्तव्य | |
| | १०. प्रहरी कुकुरको सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासा | |
| | ११. पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समितिको गठन र काम कर्तव्य | |
| | १२. प्रहरी कुकुरको लागि आवश्यक सामाग्री निकासा | |
| ५. | **परिच्छेद -४ (प्रहरी कुकुर (K-9) को सेवामुक्त सम्बन्धी व्यवस्था)** | १०-१६ |
| | १३. निष्क्रिय गर्नुपर्ने प्रहरी कुकुरको छनौट तथा वर्गीकरण | |
| | १४. निष्क्रिय गर्नुपर्ने प्रहरी कुकुरको स्वास्थ्य परीक्षण बोर्डको गठन र काम कर्तव्य | |
| | १५. निष्क्रिय गर्नुपर्ने प्रहरी कुकुरको कार्यक्षमता परीक्षण बोर्डको गठन र काम कर्तव्य | |
| | १६. निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समितिको गठन र काम कर्तव्य | |
| | १७. निष्क्रिय प्रहरी कुकुर वितरण व्यवस्थापन | |
| | १८. निष्क्रिय प्रहरी कुकुर वितरणको सूचना | |
| | १९. निष्क्रिय प्रहरी कुकुर स्विकार गर्न ईच्छुक व्यक्तिहरुको विवरण संकलन र छनौट | |
| | २०. स-शुल्क निष्क्रिय प्रहरी कुकुर वितरण प्रकृया | |
| | २१. निष्क्रिय प्रहरी कुकुर वितरण तथा लगत कट्टा | |
| | २२. दुर्घटनाबाट प्रहरी कुकुर घाईते वा मृत्यु भएमा हुने क्षतिपूर्ति | |
| | २३. प्रहरी कुकुरको मृत्यु खाली, लगत कट्टा र पशुपन्छी आहार (रासन) कट्टा | |
| ६. | **परिच्छेद -५ (विविध)** | १६ |
| | २४. वितरण गरिने निष्क्रिय प्रहरी कुकुरको साथमा उपलब्ध गराईने सामाग्री | |
| | २५. शर्तनामा | |
| | २६. वितरण गरिने निष्क्रिय प्रहरी कुकुर ह्याण्डलिङ्ग सम्बन्धी जानकारी | |
| | २७. बाधा अड्काउ फुकाउने आधिकार तथा संशोधन | |
| ७. | **अनुसूची (खण्ड) हरु** | १७-४४ |

# प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०

**प्रस्तावना**

नेपाल प्रहरी संगठनको सफल अपराध अनुसन्धान तथा सुरक्षा कार्यको लक्ष्यलाई प्रभावकारी रुपमा सम्पादन गर्ने उद्देश्य अनुरुप बि.सं. २०२६ सालदेखि तालिम प्राप्त कुकुरहरुको प्रयोग हुँदै आईरहेकोमा नेपाल प्रहरी केनाईन कार्यालय तथा प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुमा आवश्यकता अनुसार प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण गर्ने, नयाँ कुकुरलाई प्रहरी सेवामा प्रवेश गराउने र प्रभावकारी केनाईन सेवा प्रवाह गर्न असमर्थ तथा प्रहरी मृतक कुकुरलाई प्रहरी सेवाबाट मुक्त गर्ने कार्य कानूनी रुपमा व्यवस्थित तवरबाट सम्पादन गर्न नेपाल प्रहरी प्रधान कार्यालयबाट **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०"** जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यनिर्देशनको नाम **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०"** रहेको छ।

(२) यो कार्यनिर्देशन प्रहरी महानिरीक्षकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यनिर्देशनमा,**

(क) "प्रहरी कुकुर/केनाईन (K-9)" भन्नाले नेपाल प्रहरीको अपराध अनुसन्धान, सुरक्षा, खोजी तथा उद्धार लगायतका कार्यमा सहयोग पुऱ्याउन विशेष रुपमा तालिम प्राप्त कुकुर र प्रहरीमा सेवा प्रवेश गराउने उद्देश्यले छनौट एवं आन्तरिक प्रजननबाट उत्पादन गरिएको बच्चा कुकुर समेतलाई सम्झनु पर्दछ।

(ख) "प्रहरी कुकुरको विषयगत सङ्ख्या" भन्नाले नेपाल प्रहरी केनाईन कार्यालय तथा प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुबाट केनाईन सेवा प्रदान गर्ने उद्देश्यले (निश्चित रासन तथा सुविधा सहित) निर्धारण गरिएको विभिन्न विषयको प्रहरी कुकुरको सङ्ख्यालाई सम्झनु पर्दछ।

(ग) "सेवा प्रवेश" भन्नाले नेपाल प्रहरी केनाईन कार्यालय तथा प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुमा रिक्त रहेको केनाईनको सङ्ख्यामा नयाँ योग्य कुकुरद्वारा पूर्ति गर्ने कार्य सम्झनु पर्दछ।

(घ) "निष्क्रिय प्रहरी कुकुर" भन्नाले नेपाल प्रहरी केनाईन कार्यालय तथा प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुमा सेवारत तर स्वास्थ्य, कार्यक्षमता मूल्याङ्कन लगायत अन्य विभिन्न कारणहरुले प्रहरी सेवामा सकृय रुपमा थप सेवा दिन नसक्ने प्रहरी कुकुर भन्ने सम्झनु पर्दछ।

(ङ) "सेवामुक्त" भन्नाले नेपाल प्रहरी केनाईन कार्यालय तथा प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुमा थप सेवा दिन नसक्ने अवस्थाका प्रहरी कुकुरहरुलाई प्रहरी सेवाबाट हटाए पश्चात पशुपन्छी आहार (रासन) तथा सुविधा कट्टा गर्ने कार्य सम्झनु पर्दछ।

(च) "विभाग" भन्नाले नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागलाई सम्झनु पर्दछ।

(छ) "निर्देशनालय" भन्नाले नेपाल प्रहरी प्रधान कार्यालय, प्रबन्ध निर्देशनालयलाई सम्झनु पर्दछ।

(ज) "प्रदेश प्रहरी" भन्नाले नेपाल प्रहरीको सातवटा प्रदेश अन्तर्गतका प्रदेश प्रहरी कार्यालय सम्झनु पर्दछ।

(झ) "तालुक कार्यालय" भन्नाले नेपाल प्रहरी केनाईन कार्यालयको हकमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र प्रदेश प्रहरी केनाईन कार्यालयहरुको हकमा प्रदेश प्रहरी कार्यालयलाई सम्झनु पर्दछ।

(ञ) "ह्याण्डलर" भन्नाले कुकुरको दैनिक रेखदेख, प्रशिक्षण र डिउटी परिचालन गर्ने सम्बन्धित परिचारक/परिचालक सम्झनु पर्दछ।

(ट) "ट्र्याकर (Tracker) कुकुर" भन्नाले चोरी, हत्या, अपहरण जस्ता आपराधिक घटनाको अनुसन्धान कार्यमा प्रयोग हुने तालिम प्राप्त प्रहरी कुकुर सम्झनु पर्दछ।

(ठ) "खोजी तथा उद्धार (Search and Rescue) कुकुर" भन्नाले विभिन्न किसिमका प्रकोप, आपराधिक घटनाहरु तथा अन्य कारणबाट हराईरहेका मानिसहरु रहेको शंकित स्थान पत्ता लगाउने कार्यमा प्रयोग हुने तालिम प्राप्त प्रहरी कुकुर सम्झनु पर्दछ।

(ड) "विष्फोटक पदार्थ (Explosive) खोजी एवं पहिचान कुकुर" भन्नाले सुरक्षा कार्य तथा अवैध रुपमा प्रयोग भएको/हुनसक्ने विष्फोटक पदार्थ पत्ता लगाउने तालिम प्राप्त प्रहरी कुकुर सम्झनु पर्दछ।

(ढ) "लागू औषध (Drugs) खोजी एवं पहिचान कुकुर" भन्नाले अवैध रुपमा हुने लागू औषधको भण्डारण, ओसार पसार, कारोबार रोक्ने कार्य अन्तर्गत लागू औषधको पहिचान तथा अनुसन्धान कार्यमा प्रयोग हुने तालिम प्राप्त प्रहरी कुकुर सम्झनु पर्दछ।

(ण) "आज्ञापालन (Obedience) कुकुर" भन्नाले प्रहरी कुकुरमा आवश्यक अनुशासनको महत्वलाई दर्शाउने उद्देश्यले गरिने सामूहिक कला प्रदर्शनी, बाधापार लगायतका प्रदर्शनीहरुमा प्रयोग हुने तालिम प्राप्त प्रहरी कुकुर सम्झनु पर्दछ।

(त) "ब्रीडर (Breeder) कुकुर" भन्नाले नेपाल प्रहरीको केनाईन सेवामा आवश्यक पर्ने उच्च नशलका बच्चा कुकुरहरु प्रजनन मार्फत उत्पादनको लागि प्रयोग गरिने विभिन्न जातका भाले तथा पोथी कुकुरहरु सम्झनु पर्दछ।

## परिच्छेद -२

## प्रहरी कुकुर (K-9) को विषयगत सङ्ख्या निर्धारण र कायम सम्बन्धी व्यवस्था

३. **प्रहरी कुकुरको विषयगत सङ्ख्या निर्धारण र कायम:** नेपाल प्रहरी प्रधान कार्यालय तथा प्रदेश प्रहरी कार्यालय मातहतका विभिन्न केनाईन कार्यालय/शाखाहरुमा सेवारत केनाईनको सङ्ख्यालाई पहिलो आधार मानि देहाय बमोजिम केनाईनको विषयगत सङ्ख्या निर्धारण गरिनेछ:

(१) नेपाल प्रहरी केनाईन कार्यालयमा प्रयोग भईरहेका विभिन्न विषयका केनाईनहरुको हकमा तत्काल सेवारत विषयगत केनाईनको सङ्ख्यामा आवश्यकता अनुसार थप गरी कम्तिमा देहाय बमोजिम विषयगत सङ्ख्या निर्धारण र कायम गरिनेछः

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | ट्र्याकर/Tracker (अपराधीको खोजी एवं पहिचान) कुकुर | ८ (आठ) वटा |
| २. | विष्फोटक पदार्थ (Explosives) खोजी एवं पहिचान कुकुर | २५ (पच्चिस) वटा |
| ३. | लागू औषध (Drugs) खोजी एवं पहिचान कुकुर | १० (दश) वटा |
| ४. | खोजी तथा उद्धार (Search and Rescue) कुकुर | ८ (आठ) वटा |
| ५. | आज्ञापालन (Obedience) कुकुर | ९ (नौ) वटा |
| ६. | ब्रीडर डग (विभिन्न उन्नत जातका) | १५ (पन्ध्र) वटा |
| | कुल जम्मा | ७५ (पचहत्तर) वटा |

(२) **बूँदा नं. ३.१** को तालिकामा उल्लेखित केनाईनको विषयगत सङ्ख्याले सम्बन्धित विषयको तालिमरत अवस्थाको बच्चा कुकुरलाई समेत समेट्छ।

(३) अन्तराष्ट्रिय विमानस्थल केनाईन शाखाहरुमा प्रयोग भईरहेका विभिन्न विषयका केनाईनहरुको हकमा तत्काल सेवारत केनाईनको सङ्ख्यामा आवश्यकता अनुसार थप गरी कम्तिमा देहाय बमोजिम केनाईनको विषयगत सङ्ख्या निर्धारण र कायम गरिनेछ:

(क) त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल केनाईन शाखा, गौचर।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | विष्फोटक पदार्थ (Explosives) खोजी एवं पहिचान कुकुर | ७ (सात) वटा |
| २. | लागू औषध (Drugs) खोजी एवं पहिचान कुकुर | ७ (सात) वटा |
| | कुल जम्मा | १४ (चौध) वटा |

(ख) पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल केनाईन शाखा, पोखरा।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | विष्फोटक पदार्थ (Explosives) खोजी एवं पहिचान कुकुर | ४ (चार) वटा |
| २. | लागू औषध (Drugs) खोजी एवं पहिचान कुकुर | ४ (चार) वटा |
| | कुल जम्मा | ८ (आठ) वटा |

(ग) गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल केनाईन शाखा, भैरहवा।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | विष्फोटक पदार्थ (Explosives) खोजी एवं पहिचान कुकुर | ५ (पाँच) वटा |
| २. | लागू औषध (Drugs) खोजी एवं पहिचान कुकुर | ५ (पाँच) वटा |
| ३. | Tracker (अपराधीको खोजी एवं पहिचान) कुकुर | २ (दुई) वटा |
| ४. | खोजी तथा उद्धार (Search and Rescue) कुकुर | २ (दुई) वटा |
| | कुल जम्मा | १४ (चौध) वटा |

(घ) प्रदेश प्रहरीमा प्रयोग भईरहेका विभिन्न विषयका केनाईनहरुको हकमा तत्काल सेवारत केनाईनको सङ्ख्यामा आवश्यकता अनुसार थप गरी प्रत्येक प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुमा कम्तिमा देहाय बमोजिम केनाईनको विषयगत सङ्ख्या निर्धारण र कायम गरिनेछ:

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | विष्फोटक पदार्थ (Explosives) खोजी एवं पहिचान कुकुर | ५ (पाँच) वटा |
| २. | लागू औषध (Drugs) खोजी एवं पहिचान कुकुर | ५ (पाँच) वटा |
| ३. | ट्र्याकर/Tracker (अपराधीको खोजी एवं पहिचान) कुकुर | ३ (तीन) वटा |
| ४. | खोजी तथा उद्धार (Search and Rescue) कुकुर | ३ (तीन) वटा |
| | कुल जम्मा | १६ (सोह्र) वटा |

सातै वटा प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुमा हरेक कार्यालय/शाखामा १६ वटाका दरले (१६×७) जम्मा ११२ (एक सय बाह्र) वटा प्रहरी कुकुर (K-9) को विषयगत सङ्ख्या रहनेछ।

(ङ) प्रदेश प्रहरी केनाईन कार्यालय मातहतका क्षेत्रीय विमानस्थलहरु तथा सिमा नाकामा प्रयोग हुने विभिन्न विषयका केनाईनहरुको हकमा तत्काल सेवारत केनाईनको सङ्ख्यामा आवश्यकता अनुसार थप गरी प्रत्येक कार्यालयहरुमा कम्तिमा देहाय बमोजिम केनाईनको विषयगत सङ्ख्या निर्धारण र कायम गरिनेछ:

(अ) क्षेत्रीय विमानस्थल केनाईन शाखा, बिराटनगर।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | विष्फोटक पदार्थ (Explosives) खोजी एवं पहिचान कुकुर | ४ (चार) वटा |
| २. | लागू औषध (Drugs) खोजी एवं पहिचान कुकुर | ४ (चार) वटा |
| ३. | Tracker (अपराधीको खोजी एवं पहिचान) कुकुर | २ (दुई) वटा |
| ४. | खोजी तथा उद्धार (Search and Rescue) कुकुर | २ (दुई) वटा |
| | कुल जम्मा | १२ (बाह) वटा |

(आ) क्षेत्रीय विमानस्थल केनाईन शाखा,जनकपुर।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | विष्फोटक पदार्थ (Explosives) खोजी एवं पहिचान कुकुर | ४ (चार) वटा |
| २. | लागू औषध (Drugs) खोजी एवं पहिचान कुकुर | ४ (चार) वटा |
| | कुल जम्मा | ८ (आठ) वटा |

(इ) अन्तराष्ट्रिय सिमा नाका केनाईन शाखा, बिरगंज।

| क्र.सं. | विवरण | विषयगत सङ्ख्या |
|---|---|---|
| १. | विष्फोटक पदार्थ (Explosives) खोजी एवं पहिचान कुकुर | ३ (तीन) वटा |
| २. | लागू औषध (Drugs) खोजी एवं पहिचान कुकुर | ३ (तीन) वटा |
| ३. | Tracker (अपराधीको खोजी एवं पहिचान) कुकुर | २ (दुई) वटा |
| ४. | खोजी तथा उद्धार (Search and Rescue) कुकुर | २ (दुई) वटा |
| | कुल जम्मा | १० (दश) वटा |

(च) नेपाल प्रहरी केनाईन कार्यालय तथा प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुका निम्ति आवश्यक विषयगत डिउटी परिचालन, आज्ञापालन प्रदर्शनी तथा प्रजनन कार्य समेतमा प्रयोग हुने केनाईनहरुको विषयगत सङ्ख्या निर्धारण गर्न आवश्यक विषयगत सङ्ख्यात्मक विवरण **"अनुसूची -१"** मा तोकिए बमोजिम हुनेछ।

(४) प्रजनन समूह: (१) हाल नेपाल प्रहरीको लागि उन्नत नश्लका बच्चा कुकुरहरुको खरिद कार्य देशभित्रबाट गर्न जटिल र प्राविधिक (बच्चा कुकुरको उमेर, स्वास्थ्य र जातिय शुद्धता) रुपले समेत प्रतिकुल भएकाले ब्रीडर कुकुर खरिद गरी बच्चा कुकुर उत्पादन गर्नुका साथै विभिन्न केनाईन कार्यालय/शाखाहरुमा आवश्यकता अनुसार प्रहरी कुकुर बदली समेत गराउन केनाईन प्रजनन (Breeding) समूह स्थापना गरिनु वाञ्छनीय देखिन्छ। प्रजनन समूहमा देहाय बमोजिमका उन्नत जातका ब्रीडर कुकुरको सङ्ख्या निर्धारण र कायम गरिनेछ:

| क्र.सं. | ब्रीडर कुकुरको जात/नश्ल | लिङ्ग | विषयगत सङ्ख्या |
|---|---|---|---|
| १. | जर्मन शेफर्ड/अल्सेशन | भाले | १ (एक) वटा |
| २. | जर्मन शेफर्ड/अल्सेशन | पोथी | २ (दुई) वटा |
| ३. | ल्याब्राडोर रिट्रिभर | भाले | १ (एक) वटा |
| ४. | ल्याब्राडोर रिट्रिभर | पोथी | ३ (तीन) वटा |
| ५. | गोल्डेन रिट्रीभर | भाले | १ (एक) वटा |
| ६. | गोल्डेन रिट्रीभर | पोथी | २ (दुई) वटा |
| ७. | बिगल | भाले/पोथी | १/१ (एक/एक) वटा |
| ८. | बेल्जियन मेलिनोईज | भाले | १ (एक) वटा |
| ९. | बेल्जियन मेलिनोईज | पोथी | २ (दुई) वटा |
| कुल जम्मा | | | १५ (पन्ध्र) वटा |

(२) ब्रीडर कुकुरको प्रजननबाट उत्पादित बच्चा कुकुरहरुलाई नेपाल प्रहरी केनाईन कार्यालय र प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुमा सेवामुक्त गरिएका कुकुरको स्थानमा बदली गरी पुर्ती गर्नको लागि आवश्यक प्रकृया पुरा गर्नु पर्नेछ।

(३) प्रजनन समूहमा कुकुरको संङख्या निर्धारण र कायम भए पश्चात आवश्यक भौतिक पूर्वाधार निर्माण गरी ब्रीडर कुकुरलाई अलग्गै स्थानमा राखी बच्चा कुकुर उत्पादन गरिनेछ।

४. **प्रहरी कुकुरको विषयगत सङ्ख्या थप:** (१) डिउटी चाप, नयाँ शाखा स्थापना (नेपाल सरकार, प्रदेश सरकार, तालुक नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश प्रहरी कार्यालयको आदेश बमोजिम) तथा अन्य विविध कारणहरुबाट संघीय र प्रदेश स्तरमा तत्काल कायम प्रहरी कुकुरको विषयगत सङ्ख्यामा थप गर्न आवश्यक ठानेमा थप गर्नु पर्नाको औचित्य पुस्ट्याँई सहितको सिफारिश तालुक कार्यालयमा लेखापढी गरी आवश्यकता अनुसार विषयगत सङ्ख्या थप गर्नको लागि देहाय बमोजिमको समिति गठन गरिनेछः

(क) संघीय/केन्द्रीय स्तरमा आवश्यकता अनुसार प्रहरी कुकुरको विषयगत सङ्ख्या थप गर्नको निम्ति तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछः

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी केनाईन कार्यालय प्रमुख | अध्यक्ष |
| २. | नेपाल प्रहरी प्रधान कार्यालय, प्रबन्ध शाखा/बजेट शाखा (प्र.ना.उ/प्र.नि) | सदस्य |
| ३. | नेपाल प्रहरी प्रधान कार्यालय, अ.अ.विभाग, अन्वेषण तथा योजना शाखा | सदस्य |
| ४. | नेपाल प्रहरी केनाईन कार्यालय प्रशासन शाखा प्रमुख | सदस्य |
| ५. | नेपाल प्रहरी केनाईन कार्यालय, प्रबन्ध/आ.प्र शाखा प्रमुख | सदस्य |

(ख) प्रदेश स्तरमा रहेका केनाईन कार्यालय/शाखाहरुमा आवश्यकता अनुसार कुकुरको विषयगत सङ्ख्या थप गर्नको निम्ति तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछः

| | | |
|---|---|---|
| १. | प्रदेश प्रहरी कार्यालयका प्र.व.उ/प्र.उ | अध्यक्ष |
| २. | प्रदेश प्रहरी कार्यालय, प्रबन्ध शाखा/आर्थिक प्रशासन शाखा (प्र.ना.उ/प्र.नि) | सदस्य |
| ३. | प्रदेश प्रेंहरी कार्यालय, अन्वेषण तथा योजना शाखा ((प्र.ना.उ/प्र.नि) | सदस्य |
| ४. | प्रदेश प्रहरी कार्यालय, प्रशासन शाखा (प्र.ना.उ/प्र.नि) | सदस्य |
| ५. | प्रदेश प्रहरी कार्यलय, केनाईन कार्यालय/शाखा प्रमुख | सदस्य |

(२) प्रहरी कुकुरको आवश्यक विषयगत सङ्ख्या थप गर्नु पर्नाको औचित्य पुस्ट्याँई तालुक कार्यालयमा सिफारिश सहित लेखापढी गरे पश्चात तालुक कार्यालयले उपयुक्त ठानेमा प्रहरी कुकुरको थप विषयगत सङ्ख्या स्वीकृत गर्न सक्नेछ।

(३) प्रहरी कुकुरको विषयगत सङ्ख्या थप सम्बन्धमा तालुक कार्यालयबाट स्वीकृत भए पश्चात विषयगत सङ्ख्या पुर्ति गरी सेवा प्रवेश गराउने प्रकृया तोकिए बमोजिम हुनेछ।

५. **कुकुर वितरणमा वाधा परेको नमानिने:** प्रशिक्षण, परिचालन र प्रजनन सम्बन्धी क्षेत्रमा विषयगत सङ्ख्या कायम भई कुकुरको पूर्ती भए पश्चात प्रहरी कुकुरहरुलाई विभिन्न केनाईन सेवा प्रदायक कार्यालयहरु (नेपाल प्रहरी केनाईन कार्यालय, प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरु) मा आवश्यकता अनुसार वितरण गर्न बाधा परेको मानिने छैन।

## परिच्छेद -३

## प्रहरी कुकुर (K-9) को सेवा प्रवेश सम्बन्धी व्यवस्था

६. **प्रहरी सेवामा सेवा प्रवेश गराउने कुकुरको छनौट:** (१) कुनै पनि कारणबाट डिउटी प्रभावकारी रुपमा सम्पादन गर्न नसक्ने प्रहरी कुकुरको बदलीको लागि, मृत्यु भएका केनाईनको स्थानमा र केनाईन कार्यालय/शाखाको आवश्यकता अनुसार विषयगत प्रहरी कुकुरको सङ्ख्यामा थप गराउन जरुरी देखिएमा औचित्य पुस्ट्याँई सहित नयाँ कुकुरलाई सेवा प्रवेश गराउन सकिनेछ।

(२) नेपाल प्रहरीको केनाईन सेवाका लागि मुख्य गरी सुँघ्ने क्षमता उच्च भएका **"अनुसूची -२"** बमोजिमका उच्च नश्लका कुकुरहरु छनौट गर्नु पर्नेछ।

(३) सेवा प्रवेश गराउने कुकुरको छनौटको आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) नश्ल अनुसारको गुण, विशेषता मेल खाएको।

(ख) उमेर कम्तिमा ३ महिना देखि अधिकतम १२ महिनासम्म भएको।

(ग) खरिद प्रकृयाको लागि तयार गरिएको प्राविधिक स्पेशिफिकेसन (Technical Specification) बमोजिमको मापदण्डसँग मेल खाएको।

७. **दाता वा विक्रीकर्ताले कुकुरसँग पेश गर्नुपर्ने कागजातहरु:** तालुक कार्यालय, निर्देशनालय तथा नेपाल प्रहरी केनाईन कार्यालयबाट सार्वजनिक खरिद ऐन, २०६४ र सार्वजनिक खरिद नियमावली, २०६५ (संशोधन सहित) बमोजिम उच्च नश्लको कुकुरको खरिद प्रकृया सञ्चालन गर्दा विक्रीकर्ताले कुकुरको साथमा देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछ:

(१) नेपालमै खरिद गरिने कुकुरको हकमा नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सकद्वारा प्रमाणीत कुकुरको निरोगिताको प्रमाणपत्र।

(२) विदेशबाट खरिद गरिने कुकुरको हकमा सम्बन्धित राष्ट्रको परिषद्मा दर्तावाल पशु चिकित्सकबाट प्रमाणित कुकुरको निरोगिताको प्रमाणपत्र।

(३) कुकुरको रगत परीक्षण (CBC, LFT, KFT) र आवश्यकता अनुसार Chest एवं Pelvis X-Ray को प्रतिवेदन।

(४) उमेर अनुसारको आवश्यक सम्पूर्ण खोप तथा जुका विरुद्धको औषधि प्रयोग गरिएको प्रमाण अभिलेख।

(५) कुकुरको जन्ममिति पुष्टि गर्ने आधिकारिक कागजात।

(६) कुनै दातृ निकाय, संघ संस्था वा दाताहरुबाट सहयोग स्वरुप प्राप्त हुने कुकुरहरुको हकमा **"अनुसूची -३"** बमोजिमको सर्तनामा (मञ्जुरीनामा)।

(७) विक्रीकर्ताको हकमा कुकुरको पेडिग्री अभिलेख र **"अनुसूची -७"** बमोजिम हस्तान्तरण पत्र।

८. **प्रहरी कुकुरको सेवा प्रवेश र आम्दानी बाँध्ने प्रकृया:** (१) आन्तरिक प्रजननद्वारा उत्पादन गरिएका बच्चा कुकुरको सेवा प्रवेश गराउने र आम्दानी बाँध्ने प्रकृया देहाय बमोजिम हुनेछ:

(क) **परीक्षणकालमा रहने**: बच्चा कुकुर जन्मेदेखी ३ महिना उमेरसम्मको अवधिलाई परीक्षणकाल मानिनेछ।

(ख) **स्वास्थ्य प्रमाणपत्र पेश गर्नुपर्ने**: आन्तरिक प्रजननद्वारा उत्पादन गरिएका बच्चा कुकुरहरुको नेपाल प्रहरीमा कार्यरत वा प्रहरी सेवा बाहिरका पशु स्वास्थ्य/पशु सेवा क्षेत्रमा कार्यरत दर्तावाल पशु-चिकित्सकद्वारा प्रमाणित Health/Soundness Certificate पेश गर्नु पर्दछ। यस प्रमाण-पत्रमा कुकुरको नाम अङ्ग्रेजी र नेपाली दुबै माध्यममा स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ।

(ग) **टिप्पणी र आदेश सम्बन्धी पत्र पेश गर्नुपर्ने**: Health Certificate को आधारमा स्वास्थ्य परीक्षण बोर्डबाट स्वीकृत कुकुरको सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासा सम्बन्धी टिप्पणी र आदेश सदरको लागि केनाईन कार्यालय/शाखाले तालुक कार्यालयमा पेश गर्नु पर्नेछ। सेवा प्रवेशको निम्ति टिप्पणी र आदेशको नमुना **"अनुसूची -९"** मा तोकिए बमोजिम हुनेछ।

(घ) **सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृतिः** तालुक कार्यालय प्रमुखबाट टिप्पणी र आदेश सदर भए पश्चात उक्त टिप्पणी र आदेशमा उल्लेख भएका कुकुरलाई आधिकारिक रुपमा सेवा प्रवेश भएको प्रहरी कुकुर मानिनेछ।

(२) दाता वा विक्रीकर्ताद्वारा प्राप्त कुकुरको सेवा प्रवेश गराउने र आम्दानी बाँध्ने प्रकृया देहाय बमोजिम हुनेछ:

(क) **परीक्षणकालमा रहने**: नेपाल प्रहरीमा कुकुरको सेवा प्रवेश गराउनुपूर्व कम्तिमा ७ देखि १४ दिनसम्मको परीक्षणकाल अवधि रहने छ।

(ख) **स्वास्थ्य प्रमाणपत्र पेश गर्नुपर्ने**: परीक्षणकालमा सफल हुने कुकुरहरुको नेपाल प्रहरीमा कार्यरत वा प्रहरी सेवा बाहिरका पशु स्वास्थ्य/पशु सेवा क्षेत्रमा कार्यरत दर्तावाल पशु-चिकित्सकद्वारा प्रमाणित Health/Soundness Certificate पेश गर्नु पर्दछ। यस प्रमाण-पत्रमा कुकुरको नाम अङ्ग्रेजी र नेपाली दुबै माध्यममा स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ।

(ग) प्रहरी सेवा बाहिरका पशु-चिकित्सकबाट Health/Soundness Certificate प्रमाणित गर्दा **"अनुसूची -५"** मा उल्लेख भए बमोजिम कुकुरको स्वास्थ्यसँग सम्बन्धित न्युनतम विवरण उल्लेख गरिएको हुनु पर्नेछ।

(घ) नेपाल प्रहरीमा कार्यरत पशु-चिकित्सकले प्रमाणित गर्ने Health/Soundness Certificate को नमुना **"अनुसूची -६"** मा तोकिए बमोजिम हुनेछ।

(ङ) **टिप्पणी र आदेश सम्बन्धी पत्र पेश गर्नुपर्ने**: Health Certificate को आधारमा स्वास्थ्य परीक्षण बोर्डबाट स्वीकृत कुकुरको सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासा सम्बन्धी टिप्पणी र आदेश सदरको लागि केनाईन कार्यालय/शाखाले तालुक कार्यालयमा पेश गर्नु पर्नेछ। सेवा प्रवेशको निम्ति टिप्पणी र आदेशको नमुना **"अनुसूची -९"** मा तोकिए बमोजिम हुनेछ।

(च) **सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृतिः** तालुक कार्यालय प्रमुखबाट टिप्पणी र आदेश सदर भए पश्चात उक्त टिप्पणी र आदेशमा उल्लेख भएका कुकुरलाई आधिकारिक रुपमा सेवा प्रवेश भएको प्रहरी कुकुर मानिनेछ।

९. **प्रहरी कुकुरको स्वास्थ्य परीक्षण बोर्डको गठन र काम कर्तव्यः** (१) नेपाल प्रहरी केनाईन कार्यालय तथा मातहत केनाईन कार्यालय/शाखाहरुको लागि आवश्यक पर्ने (तालुक कार्यालय वा नेपाल प्रहरी केनाईन कार्यालयबाट खरिद गरिने वा कुनै दातृ निकाय, सहयोगी संघ/संस्था तथा दाता मार्फत सहयोग स्वरुप प्राप्त) उन्नत जातका कुकुरहरुलाई सेवा प्रवेश गराउने वा सेवारत प्रहरी कुकुरहरुलाई (उमेर, विभिन्न रोग तथा दुर्घटनाका कारण शारीरिक रुपमा अशक्त वा अन्य कारणबाट प्रहरी सेवामा प्रभवकारी सेवा दिन नसक्ने वा डिउटी परिचालन गर्न नसकिने) विभिन्न कारणबाट निष्क्रिय प्रहरी कुकुरको रुपमा प्रमाणीकरण गर्ने कार्यको निम्ति कुकुरको आवश्यक स्वास्थ्य परीक्षण गराउन **"स्वास्थ्य परीक्षण बोर्ड"** को गठन गरिनेछ।

(२) नेपाल प्रहरी केनाईन कार्यालय तथा मातहत त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल केनाईन शाखामा सेवारत प्रहरी कुकुरहरुको हकमा तालुक कार्यालयले देहाय बमोजिम **"स्वास्थ्य परीक्षण बोर्ड"** को गठन गर्नेछः

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी केनाईन कार्यालयका प्र.व.उ/प्र.उ. | अध्यक्ष |
| २. | नेपाल प्रहरी केनाईन कार्यालयमा कार्यरत पशु-चिकित्सक (प्र.ना.उ./प्र.नि.) | सदस्य |
| ३. | नेपाल प्रहरी केनाईन कार्यालय/मातहत शाखामा कार्यरत जु.प्र.अ. (भेटेरिनरी तर्फ) | सदस्य |
| ४. | नेपाल प्रहरी केनाईन कार्यालय/मातहत शाखामा कार्यरत केनाईन ह्याण्डलर (प्र.व.ह./प्र.ह./प्र.स.ह./प्र.ज.) | सदस्य |

(३) प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुको हकमा तालुक कार्यालयले देहाय बमोजिमको **"स्वास्थ्य परीक्षण बोर्ड"** को गठन गर्नेछः

| | | |
|---|---|---|
| १. | जिल्लास्थित सरकारी पशु स्वास्थ्य/पशु सेवा क्षेत्रमा कार्यरत दर्तावाल पशु-चिकित्सक वा नेपाल प्रहरी केनाईन कार्यालयमा कार्यरत पशु-चिकित्सक | अध्यक्ष |
| २. | प्रदेश प्रहरी कार्यालयमा कार्यरत (जु.प्र.अ) | सदस्य |
| ३. | प्रदेश प्रहरी केनाईन कार्यालय/शाखा प्रमुख (जु.प्र.अ) | सदस्य |
| ४. | प्रदेश प्रहरी केनाईन कार्यालय/शाखामा कार्यरत केनाईन ह्याण्डलर (प्र.व.ह./प्र.ह./प्र.स.ह./प्र.ज.) | सदस्य |

(४) स्वास्थ्य परीक्षण बोर्डले सम्बन्धित कुकुरको विस्तृत विवरण (स्वास्थ्य र पेडिग्री अभिलेख) तथा Retrieving, Alertness, Reward र Response को परीक्षण एवं अवलोकन गरी प्रहरी सेवामा प्रवेश गराउनको लागि उपयुक्त छ/छैन भनि प्रमाणीकरण गर्ने र सेवारत तथा परीक्षणकालको कुकुरको स्वस्थ्य प्रतिवेदनको आधारमा निष्क्रिय प्रहरी कुकुरको रुपमा प्रमाणीकरण गर्नेछ।

**१०. प्रहरी कुकुरको सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासा:** (१) स्वास्थ्य परीक्षण बोर्डले प्रहरी सेवाको लागि उपयुक्त भनि प्रमाणीकरण गरेको कुकुरलाई नेपाल प्रहरीमा सेवा प्रवेश गराई पशुपन्छी आहार (रासन) निकासाको निम्ति नेपाल प्रहरी केनाईन कार्यालय/प्रदेश प्रहरी कार्यालय/प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाको प्रबन्ध/प्रशासन/आर्थिक प्रशासन शाखाद्वारा तयार गरिएको कुकुरको सेवा प्रवेश तथा पशुपन्छी आहार (रासन) निकासा सम्बन्धी **"अनुसूची -९"** बमोजिमको टिप्पणी र आदेश तथा **"अनुसूची -१०"** बमोजिमको आवश्यक पत्र तयार गरी टिप्पणी र आदेश सदरका निम्ति तालुक कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(२) **"अनुसूची -१०"** बमोजिमको पत्र तथा **"अनुसूची -९"** बमोजिमको टिप्पणी र आदेशको साथमा केनाईन कार्यालय वा सम्बन्धित प्रदेशमा कार्यरत नेपाल पशु चिकित्सा परिषदबाट मान्यता प्राप्त पशु-चिकित्सकले तयार गरेको प्रमाणित Soundness/Health Certificate समेत संलग्न गरिएको हुनुपर्दछ।

(३) तालुक कार्यालय प्रमुखबाट टिप्पणी र आदेश सदर भए पश्चात औपचारिक रुपमा प्रहरी सेवामा कुकुरको सेवा प्रवेश भएको मानिनेछ।

(४) आन्तरिक प्रजननबाट उत्पादन गरिएका बच्चा कुकुरको हकमा **"अनुसूची -४"** बमोजिमको जन्मदर्ता प्रमाण-पत्र (Birth Certificate), दाताद्वारा उपलब्ध गराईएको कुकुरको हकमा **"अनुसूची -३"** बमोजिमको सर्तनामा र विक्रीकर्ताद्वारा हस्तान्तरण गरिएको कुकुरको हकमा **"अनुसूची -८"** बमोजिमको परीक्षणकालमा सफल भएको प्रमाणीकरण पत्र सम्बन्धित केनाईन कार्यालय/शाखालाई प्राप्त भए पश्चात सो कार्यालय/शाखालाई पशुपन्छी आहार (रासन) खुवाउने र रासन खर्च सम्बन्धी आर्थिक लेखापढी गर्ने आधार प्राप्त हुनेछ।

(५) केनाईन कार्यालय/शाखाको लागि अत्यावश्यक भएको अवस्थामा आन्तरिक प्रजननबाट बच्चा कुकुर उत्पादन भई पशुपन्छी आहार (रासन) व्यवस्थापनको लागि थप बजेट आवश्यक परेमा सम्बन्धित पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समितिमार्फत तालुक कार्यालय/निर्देशनालय वा बजेट शाखामा थप बजेट माग गर्ने आधार प्राप्त हुनेछ।

**११. पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समितिको गठन र काम कर्तव्य:** (१) कुनै दातृ निकाय, सहयोगी संघ/संस्था तथा दातामार्फत नेपाल प्रहरी केनाईन कार्यालयलाई सहयोग स्वरुप प्राप्त हुने तथा नेपाल सरकार, तालुक कार्यालय र नेपाल प्रहरी केनाईन कार्यालयले खरिद गर्ने उन्नत जातको कुकुरलाई स्वास्थ्य परीक्षण बोर्डले प्रमाणित गरेपश्चात सेवा प्रवेश गराउनु उचित ठहरिएमा थप पशुपन्छी आहार (रासन) निकासा व्यवस्थाको लागि तालुक कार्यालयले देहाय बमोजिमको **"पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समिति"** गठन गर्नेछः

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी केनाईन कार्यालय प्रमुख | अध्यक्ष |
| २. | नेपाल प्रहरी केनाईन कार्यालयमा कार्यरत पशु-चिकित्सक | सदस्य |
| ३. | नेपाल प्रहरी केनाईन कार्यालय/मातहत शाखा, प्रबन्ध शाखा प्रमुख | सदस्य |
| ४. | नेपाल प्रहरी केनाईन कार्यालय/मातहत शाखा, आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |

(२) कुनै दातृ निकाय, सहयोगी संघ/संस्था तथा दातामार्फत प्रदेश प्रहरी केनाईन कार्यालय/शाखालाई सहयोग स्वरुप प्राप्त हुने तथा प्रदेश सरकार र प्रदेश प्रहरीले खरिद गर्ने उन्नत जातको कुकुरलाई स्वास्थ्य परीक्षण बोर्डले प्रमाणीकरण गरेपश्चात सेवा प्रवेश गराउनु उचित ठहरीएमा थप पशुपन्छी आहार (रासन) निकासा व्यवस्थाको लागि तालुक कार्यालयले देहाय बमोजिमको **"पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समिति"** गठन गर्नेछ:

| | | |
|---|---|---|
| १. | प्रदेश प्रहरी कार्यालय, प्रशासन शाखा प्रमुख | अध्यक्ष |
| २. | प्रदेश प्रहरी कार्यालय, प्रबन्ध शाखा प्रमुख | सदस्य |
| ३. | प्रदेश प्रहरी कार्यालय, आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ४. | प्रदेश प्रहरी कार्यालय, केनाईन शाखा प्रमुख | सदस्य |

(३) **"पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समिति"** ले **"स्वास्थ्य परीक्षण बोर्ड"** र आवश्यकता अनुसार **"प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण बोर्ड"** ले प्रमाणीकरण गरेको कुकुरलाई प्रमाणीकरण गरेको आधारमा दैनिक स्केल बमोजिमको पशुपन्छी आहार (रासन) निकासाको व्यवस्था गर्नेछ।

(४) आन्तरिक प्रजननद्वारा उत्पादन गरिएका थप बच्चा कुकुरको हकमा **"पशुपन्छी आहार (रासन) निकासा व्यवस्था समिति"** मार्फत सम्बन्धित केनाईन कार्यालय/शाखाले बच्चा कुकुरको सङ्ख्याको आधारमा आवश्यक वा थप बजेटको लागि तालुक कार्यालयमा आर्थिक लेखापढी गर्नेछ।

(५) कुनै पनि श्रोत (खरिद वा सहयोग) मार्फत प्राप्त भई परीक्षणकालमा सफल भई प्रहरी सेवामा सेवा प्रवेश हुने प्रहरी कुकुरको पशुपन्छी आहार (रासन) निकासा सम्बन्धी पत्रको नमूना **"अनुसूची -१०"** मा तोकिए बमोजिम हुनेछ।

**१२. प्रहरी कुकुरको लागि आवश्यक सामाग्री निकासा:** नेपाल प्रहरी सेवामा सेवा प्रवेश गराई पशुपन्छी आहार (रासन) निकासाको लागि स्वीकृति प्राप्त भए पश्चात उक्त कुकुरको लागि दैनिक प्रयोगमा ल्याईने सामानहरु १/१ थान सम्बन्धित प्रहरी कुकुरको ह्याण्डलरलाई निकासा गर्नु पर्नेछ। सेवा प्रवेश भएको प्रहरी कुकुरले प्राप्त गर्ने सेवा सुविधा सम्बन्धी व्यवस्था, सामानहरु तथा दैनिक प्रयोग हुने सामानहरुको खपत अवधि **"अनुसूची -११"** मा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -४

## प्रहरी कुकुर (K-9) को सेवामुक्त सम्बन्धी व्यवस्था

**१३. निष्क्रिय गर्नुपर्ने प्रहरी कुकुरको छनौट तथा वर्गीकरण:** (१) उमेर वा अन्य जुनसुकै कारणबाट प्रभावकारी सेवा दिन नसक्ने कुकुरहरुलाई निष्क्रिय गराउनु आवश्यक हुन्छ र कुकुरलाई निष्क्रिय गराउनु पर्ने आधारहरु देहाय बमोजिम हुनेछः

(२) **"प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण बोर्ड"** ले कार्यक्षमताको आधारमा कम्तिमा ७ (सात) वर्ष उमेर पुरा भईसकेका निष्क्रिय प्रहरी कुकुरको रुपमा प्रमाणीकरण गरिएका कुकुरहरु।

(३) नेपाल प्रहरी केनाईन कार्यालयमा कार्यरत पशु-चिकित्सक तथा आवश्यकता अनुसार नेपाल सरकारबाट मान्यता प्राप्त पशु चिकित्सालयका पशु-चिकित्सक सम्मिलित स्वास्थ्य परिक्षण बोर्डबाट नियमित स्वास्थ्य परीक्षणको दौरान दीर्घ रोग, दुर्घटना र अन्य विविध कारणहरुबाट शारीरिक रुपमा अशक्त भई थप डिउटीमा परिचालन गर्न नसकिने भनि प्रमाणीकरण भएका प्रहरी कुकुरहरु।

(४) नेपाल प्रहरी केनाईन कार्यालय/शाखामा सेवारत प्रहरी कुकुरहरु मध्ये **"प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण बोर्ड"** ले संचालन गरेको प्रहरी कुकुरको प्रशिक्षण तथा डिउटी परिचालन सम्बन्धी नियमित परीक्षा (Dog Validation Test) मा अनुत्तीर्ण/असफल भनि प्रमाणीकरण भएका प्रहरी कुकुरहरु।

**१४. निष्क्रिय गर्नुपर्ने प्रहरी कुकुरको स्वास्थ्य परीक्षण बोर्डको गठन र काम कर्तव्यः** (१) नेपाल प्रहरी केनाईन कार्यालय तथा त्रिभुवनअन्तराष्ट्रिय विमानस्थल, गौतमवुद्ध अन्तराष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थलमा सेवारत विभिन्न रोग तथा दुर्घटनाका कारण शारीरिक रुपमा अशक्त भएका प्रहरी कुकुरहरुको स्वास्थ्य परीक्षण गरी थप सेवा प्रदान सम्बन्धमा प्रमाणीकरण गर्न **बूँदा नं. '९. (२)'** बमोजिमको **"स्वास्थ्य परीक्षण बोर्ड"** गठन गरिनेछ।

(२) प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुमा सेवारत विभिन्न रोग तथा दुर्घटनाका कारण शारीरिक रुपमा अशक्त भएका प्रहरी कुकुरहरुको स्वास्थ्य परीक्षण गरी थप सेवा प्रदान सम्बन्धमा प्रमाणीकरण गर्न **बूँदा नं. '९. (३)'** बमोजिमको **"स्वास्थ्य परीक्षण बोर्ड"** गठन गरिनेछ।

(३) निष्क्रिय कुकुर छनौट एवं वर्गीकरण प्रयोजनको लागि **"स्वास्थ्य परीक्षण बोर्ड"** को काम र कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) नेपाल सरकारबाट मान्यता प्राप्त नेपाल प्रहरी तथा पशु स्वास्थ्य/पशु सेवा क्षेत्रमा कार्यरत पशु-चिकित्सक मार्फत नेपाल प्रहरीमा सेवारत कुकुरहरुको नियमित स्वास्थ्य परीक्षणबाट प्राप्त स्वास्थ्य प्रतिवेदन (Health Report) अभिलेखको आधारमा विभिन्न रोग तथा दुर्घटनाका कारण शारीरिक रुपमा अशक्त भएका प्रहरी कुकुरहरुको नियमित तथा आवश्यकता अनुसार विस्तृत स्वास्थ्य परीक्षण गरी अभिलेख राख्ने।

(ख) विभिन्न रोग तथा दुर्घटनाका कारण शारीरिक रुपमा अशक्त भएका प्रहरी कुकुरहरुको विस्तृत स्वास्थ्य परीक्षण पश्चात थप सेवा गर्न असमर्थ वा निष्क्रिय प्रहरी कुकुर भनि प्रमाणीकरण गरी उचित व्यवस्थापन गर्नको लागि **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** समक्ष सिफारिश गर्ने।

**१५. निष्क्रिय गर्नुपर्ने प्रहरी कुकुरको कार्यक्षमता परीक्षण बोर्डको गठन र काम कर्तव्यः** (१) नेपाल प्रहरी केनाईन कार्यालय र मातहत अन्तराष्ट्रिय विमानस्थल केनाईन कार्यालय/शाखामा भएका प्रहरी कुकुरहरुको अर्धवार्षिक रुपमा विषयगत डिउटी परिचालनको कार्यक्षमता परीक्षण (Dog ValidationTest) गरी निष्क्रिय प्रहरी कुकुर भनि प्रमाणीकरण गर्नका लागि तालुक कार्यालयले देहाय बमोजिमको **"प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण बोर्ड"** गठन गर्नेछ:

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी केनाईन कार्यालय प्रमुख | अध्यक्ष |
| २. | केनाईन ह्याण्डलर उप-समूह तर्फका प्र.ना.उ./प्र.नि. | सदस्य |
| ३. | सम्बन्धित विषयको तालिम प्राप्त केनाईन प्रशिक्षक (जु.प्र.अ.) | सदस्य |
| ४. | सम्बन्धित विषयको तालिम प्राप्त केनाईन प्रशिक्षक (प्र.व.ह/प्र.ह) | सदस्य |

(२) प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुमा सेवारत प्रहरी कुकुरहरुको अर्धवार्षिक रुपमा विषयगत डिउटी परिचालनको कार्यक्षमता परीक्षण (Dog ValidationTest) गरी निष्क्रिय प्रहरी कुकुर भनि प्रमाणीकरण गर्नका लागि तालुक कार्यालयले देहाय बमोजिमको **"प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण बोर्ड"** गठन गर्नेछ:

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी/प्रदेश प्रहरी केनाईन सेवाको केनाईन ह्याण्डलर उप-समूह तर्फका सि.प्र.अ. | अध्यक्ष |
| २. | प्रदेश प्रहरी कार्यालय तालिम शाखामा कार्यरत (जु.प्र.अ) | सदस्य |
| ३. | प्रदेश प्रहरी केनाईन कार्यालय/शाखा प्रमुख (जु.प्र.अ) | सदस्य |
| ४. | सम्बन्धित विषयको तालिम प्राप्त केनाईन प्रशिक्षक (प्र.व.ह/प्र.ह/प्र.स.ह.) | सदस्य |

(३) नेपाल प्रहरी केनाईन कार्यालय तथा प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुमा सेवारत प्रहरी कुकुरहरुको विषयगत डिउटी परिचालन सम्बन्धमा कार्यक्षमता परीक्षण (Dog Validation Test) गरी निष्क्रिय प्रहरी कुकुर भनि प्रमाणीकरण गर्नका लागि अर्धवार्षिक रुपमा प्रहरी कुकुरहरुको कार्यक्षमता परीक्षा (Dog Validation Test) संचालन गर्न गठित **"प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण बोर्ड"** को काम कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) प्रहरी कुकुर (K-9) हरुको कार्यक्षमता परीक्षण (Dog Validation Test) मा अनुत्तिर्ण/असफल हुने प्रहरी कुकुरहरुको नतिजा अद्यावधिक गरी सेवामुक्त गर्नुपर्ने निष्क्रिय प्रहरी कुकुरको रुपमा प्रमाणीकरण गर्ने र निष्क्रिय प्रमाणीकरण भएका प्रहरी कुकुरहरुको उचित व्यवस्थापनका निम्ति **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** समक्ष सिफारिश गर्ने।

(ख) प्रहरी कुकुर कार्यक्षमता परीक्षण बोर्डले विषयगत प्रहरी कुकुरहरुको **"अनुसूची -१२, १३, र १४"** बमोजिम कार्यक्षमता परीक्षण (Dog Validation Test) गरी **"अनुसूची -१५"** बमोजिम निष्क्रिय प्रहरी कुकुरको रुपमा प्रमाणीकरण गर्नेछ।

१६. **निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समितिको गठन र काम कर्तव्य:** (१) नेपाल प्रहरी केनाईन कार्यालय तथा मातहत प्रदेश प्रहरी केनाईन कार्यालय/शाखाहरुमा सेवारत रहेका तर डिउटी परिचालन कार्यमा प्रयोग गर्न नसकिने निष्क्रिय प्रहरी कुकुर भनि प्रमाणीकरण गरिएका प्रहरी कुकुरहरुको उचित व्यवस्थापन गर्न संघीय/केन्द्रीय र प्रदेश स्तरमा देहाय बमोजिमको **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** गठन गरिनेछ:

(क) संघीय/केन्द्रीय स्तरमा तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछ :

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी केनाईन कार्यालय प्रमुख | अध्यक्ष |
| २. | नेपाल प्रहरी प्रधान कार्यालय, प्रबन्ध शाखा/बजेट शाखा (प्र.ना.उ/प्र.नि) | सदस्य |
| ३. | नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा | सदस्य |
| ४. | नेपाल प्रहरी केनाईन कार्यालय प्रशासन शाखा प्रमुख | सदस्य |
| ५. | नेपाल प्रहरी केनाईन कार्यालय, प्रबन्ध/आ.प्र शाखा प्रमुख | सदस्य |

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नेपाल

(ख) प्रदेश स्तरमा तालुक कार्यालयले देहाय बमोजिमको समिति गठन गर्नेछः

| | | |
|---|---|---|
| १. | प्रदेश प्रहरी कार्यालय प्र.व.उ./प्र.उ. | अध्यक्ष |
| २. | प्रदेश प्रहरी कार्यालय, प्रबन्ध/आ.प्र. शाखा प्रमुख | सदस्य |
| ३. | प्रदेश प्रहरी कार्यालय, कल्याण शाखा | सदस्य |
| ४. | प्रदेश प्रहरी केनाईन कार्यालय/शाखा प्रमुख | सदस्य |
| ५. | तालिम प्राप्त केनाईन प्रशिक्षक/ह्याण्डलर (प्र.व.ह/प्र.ह/प्र.स.ह.) | सदस्य |

(२) संघिय/केन्द्रीय तथा प्रदेश स्तरमा गठन भएका **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** को काम कर्तव्य देहाय बमोजिम हुनेछः

(क) स्वास्थ्य परीक्षण बोर्डले विभिन्न रोग तथा दुर्घटनाको कारण शारीरिक रुपमा अशक्त भई प्रहरी कार्यमा प्रयोग गर्न नसकिने निष्क्रिय प्रहरी कुकुर भनि प्रमाणीकरण गरिएका र वितरण हुन नसकेका प्रहरी कुकुरहरुको रासन र उपचार व्यवस्थापनको लागि सम्बन्धित समिति मार्फत कार्यान्वयन गर्ने ।

(ख) प्रहरी कुकुर कार्यक्षमता परीक्षण बोर्डले संचालन गरेको प्रहरी कुकुरको कार्यक्षमता परीक्षण (Dog Validation Test) मा अनुत्तिर्ण भई प्रहरी कार्यमा प्रयोग गर्न नसकिने भनी प्रमाणीकरण गरेको भएता पनि घरेलु प्रयोजनको लागि वितरण योग्य जुनसुकै उमेर समूहका प्रहरी कुकुरहरुको आवश्यकता अनुसार न्युनतम शुल्क निर्धारण गर्ने ।

(ग) निष्क्रिय प्रहरी कुकुरहरुमध्ये स-शुल्क वितरण गर्न नसकिने प्रहरी कुकुरको हकमा नि-शुल्क वितरण व्यवस्थापन गर्ने ।

(घ) स-शुल्क वितरण गरिने प्रहरी कुकुरको हकमा लिलाम बढाबढ सम्बन्धी बोलपत्रको आधिकारिक सूचना नि-शुल्क माध्यमहरु मध्ये नेपाल प्रहरीको अनलाईन वेभसाईटमा प्रकाशन वा सम्बन्धित केनाईन कार्यालय/शाखाको सूचनापाटीमा टाँस गर्ने ।

(घ) निष्क्रिय प्रहरी कुकुरहरु मध्ये वितरण गरिएका प्रहरी कुकुरहरुको तालुक कार्यालयबाट लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्ने ।

(ङ) निष्क्रिय प्रहरी कुकुरको स-शुल्क वितरण बापत प्राप्त रकम सम्बन्धित प्रहरी कार्यालय (संघीय केनाईन कार्यालयको हकमा केन्द्रीय प्रहरी कल्याण महाशाखा र प्रदेश केनाईन कार्यालय/शाखाको हकमा सम्बन्धित प्रदेशको कल्याण शाखा/कोष) को खातामा जम्मा गर्ने व्यवस्था मिलाउने ।

१७. **निष्क्रिय प्रहरी कुकुर वितरण व्यवस्थापनः** निष्क्रिय प्रहरी कुकुर भनि प्रमाणीकरण गरिएको प्रहरी कुकुरको लागि दैनिक प्रयोग हुने सामाग्री, रासन व्यवस्थापन, स्वास्थ्य उपचार लगायतका सम्पूर्ण कार्य प्रहरी कुकुर लिने भनि स्वीकार (Adopt) गर्ने व्यक्ति स्वयंले व्यहोर्ने गरी उक्त निष्क्रिय प्रहरी कुकुर देहाय बमोजिमको प्राथमिकताको आधारमा स-शुल्क एवं नि-शुल्क वितरण गरिनेछः

| प्राथमिकता | विवरण | कैफियत |
|---|---|---|
| पहिलो | सम्बन्धित दाता | कुनै दाता मार्फत प्राप्त भएको प्रहरी कुकुरको हकमा निष्क्रियता पश्चात उक्त कुकुर सम्बन्धित दाताले स्वीकार गर्न चाहेमा सोही दातालाई पहिलो प्राथमिकतामा राखी नि-शुल्क वितरण गरिने । |

| | | |
|---|---|---|
| दोश्रो | नेपाल प्रहरीका बहालवाला कर्मचारीहरु<br>• नेपाल प्रहरीका सि.प्र.अ.<br>• केनाईन कार्यालय/शाखामा कार्यरत प्र.क.हरु<br>• नेपाल प्रहरीका अन्य दर्जाका प्र.क.हरु | ईच्छुक बहालवाला प्रहरी कर्मचारीहरु मध्येबाट दर्ज्यानी जेष्ठताको आधारमा स-शुल्क वितरण गरिने । |
| तेश्रो | नेपाल प्रहरीका पूर्वप्रहरी कर्मचारीहरु<br>• केनाईन कार्यालय/शाखा नजिक बसोबास गर्ने पूर्व प्र.क.हरु<br>• अन्य पूर्व प्र.क.हरु | ईच्छुक पूर्व प्रहरी कर्मचारीहरु मध्येबाट सम्बन्धित केनाईन कार्यालय/शाखा नजिक बसोबास गर्ने र दर्ज्यानी जेष्ठताको आधारमा स-शुल्क वितरण गरिने । |
| चौँथो | अन्य सर्वसाधारण व्यक्तिहरु | प्राप्त निवेदनको आधारमा स-शुल्क वितरण गरिने । |
| पाँचौ | सम्पूर्ण व्यक्तिको हकमाः<br>• स-शुल्क वितरण हुन नसकेको अवस्थामा नि-शुल्क वितरण प्रकृया अपनाउने । | नि-शुल्क वितरणको लागि पहिलो प्राथमिकताको आधार बहालवाला प्रहरी कर्मचारी हुनेछ भने अन्तिम आधार सर्वसाधारण व्यक्ति हुनेछ । |
| छैठौँ | कुनै पनि कार्यालय वा व्यक्तिले स्वीकार (Adopt) गर्न नचाहेमा त्यस्ता निष्क्रिय प्रहरी कुकुरहरुको मृत्यु नभएसम्म रासन, आवास र औषधी उपचार सम्बन्धी व्यवस्थापन सम्बन्धित प्रहरी कार्यालयबाट नियमित रुपमा गरिनेछ । | |

१८. **निष्क्रिय प्रहरी कुकुर वितरणको सूचना:** (१) संघिय/केन्द्रीय वा प्रदेश स्तरमा गठन भएका **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** ले **"प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण बोर्ड"** वा **"स्वस्थ्य परीक्षण बोर्ड"** मार्फत निष्क्रिय प्रमाणीकरण भएका प्रहरी कुकुरहरुको कार्य प्रकृति अनुसार विस्तृत विवरण सहित निष्क्रिय प्रहरी कुकुर स्वीकार (Adopt) गर्न चाहने ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारीहरु र अन्य सर्वसाधारण व्यक्तिहरुको जानकारीको लागि आवश्यकता अनुसार निश्चित समयावधि तोकी **"अनुसूची -१६"** बमोजिमको सूचना प्रकाशन गर्नेछ ।

(२) निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्न ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारीहरु र अन्य सर्वसाधारण व्यक्तिहरुले **"अनुसूची -१७"** बमोजिमको निवेदनका साथ देहाय बमोजिमका कागजात सम्बन्धित केनाईन कार्यालय/शाखामा उपलब्ध गराउनु पर्नेछ:

(क) **नेपाल प्रहरीको बहालवाला कर्मचारीहरुको हकमा:** सम्बन्धित प्रहरी कर्मचारीको परिचय पत्रको प्रतिलिपि र निवेदन ।

(ख) **नेपाल प्रहरीको पूर्व कर्मचारीहरुको हकमा**: सम्बन्धित पूर्व प्रहरी कर्मचारीको पेन्सनपट्टाको प्रतिलिपि र निवेदन ।

(ग) **अन्य सर्वसाधारण व्यक्तिहरुको हकमा:** नाम, ठेगाना खुल्ने कुनै सरकारी प्रमाणपत्रको प्रतिलिपि र निवेदन ।

(घ) **दाताको हकमा**: निवेदनको साथमा **"अनुसूची -३"** बमोजिमको सर्तनामाको प्रतिलिपि ।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

१९. **निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्न ईच्छुकहरुको विवरण संकलन तथा छनौट:** निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समितिले **"अनुसूची -१६"** अनुसार प्रकाशित सूचनाको आधारमा निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्न ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारी र अन्य सर्वसाधारण व्यक्तिहरुको विवरण संकलन समाप्त भएको १ हप्ता भित्र **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** को बैठक बसी **"बूँदा -१७"** बमोजिमको प्राथमिकताको आधारमा स्वीकारकर्ता छनौट गर्नु पर्नेछ।

२०. **स-शुल्क निष्क्रिय प्रहरी कुकुर वितरण प्रकृया:- "प्रहरी कुकुर (K-9) कार्यक्षमता परीक्षण बोर्ड"** र **"स्वास्थ्य परीक्षण बोर्ड"** ले निष्क्रिय गर्नुपर्ने भनि प्रमाणीकरण गरेको प्रहरी कुकुरको व्यवस्थापन कार्य अनुरुप **"निष्क्रिय प्रहरी कुकुर (K-9) व्यवस्थापन समिति"** ले घरायसी प्रयोजनको लागि उपयुक्त भनि सिफारिश गरेको कुकुरको दातालाई नि-शुल्क वितरण गर्ने अवस्थामा बाहेक स-शुल्क वितरणलाई पहिलो प्राथमिकतामा राखी निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समितिले वितरण गर्दा देहाय बमोजिमको आवश्यक प्रकृया पुरा गर्नु पर्नेछः

(क) न्युनतम शुल्क निर्धारण,

(ख) लिलाम बढाबढ सम्बन्धी बोलपत्रको आधिकारिक सूचना प्रकाशन,

(ग) कुकुर बितरण सम्बन्धी बोलपत्रको आवश्यक कारबाही प्रकृया प्रचलित कानून बमोजिम कार्यान्वयन,

(घ) वितरण बापत प्राप्त रकम सम्बन्धित प्रहरी कार्यालय (संघीय केनाईन कार्यालयको हकमा केन्द्रीय प्रहरी कल्याण महाशाखा र प्रदेश केनाईन कार्यालय/शाखाको हकमा सम्बन्धित प्रदेशको कल्याण शाखा/कोष) को खातामा दाखिला।

(ङ) वितरण गरिएका प्रहरी कुकुरहरुको तालुक कार्यालयबाट लगत कट्टा र अभिलेख अद्यावधिक।

२१. **निष्क्रिय प्रहरी कुकुर वितरण तथा लगत कट्टा:** निष्क्रिय प्रमाणीकरण भएका वितरणयोग्य प्रहरी कुकुरहरुको वितरण प्रकृया अगाडि बढाई वितरण भएका निष्क्रिय प्रहरी कुकुरहरुको **"अनुसूची -१९"** बमोजिम वितरण गरिएको जाहेरी र **"अनुसूची -२०"** बमोजिम लगत कट्टा सम्बन्धी पत्र तालुक कार्यालयमा पेश गर्नु पर्नेछ।

२२. **दुर्घटनाबाट प्रहरी कुकुर घाईते वा मृत्यु भएमा हुने क्षतिपूर्ति:** (१) प्रशिक्षण, डिउटी परिचालन लगायतका समयमा प्रहरी संगठन बाहिरका व्यक्तिबाट केनाईन प्रशिक्षण र परिचालनमा अवरोध पुगी दुर्घटना वा अन्य विविध कारणबाट प्रहरी कुकुर घाईते भएमा वा मृत्यु हुन गएमा देहाय बमोजिम उचित क्षतिपुर्तीको व्यवस्था गर्नु पर्नेछ:

(क) दुर्घटनाबाट कुकुर घाईते भएमा उपचारको लागि लाग्ने सम्पूर्ण खर्च घाईते गराउने व्यक्तिले व्यहोर्ने।

(ख) दुर्घटनाबाट कुकुरको मृत्यु भएमा सम्बन्धित नश्ल अनुसारको कुकुरको खरिद गर्न लाग्ने रकम, प्रशिक्षण वापतको खर्च र पशुपन्छी आहार (रासन) वापतको खर्च (टेण्डरको आधारमा) दुर्घटना गराउने व्यक्तिले व्यहोर्ने।

